"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"
टोल फ्रि नं. १६६००१०००३२
फोन नं. ०१-४३७२७२५
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाडौं
बागमती प्रदेश, नेपाल

प. सं. २०८०/०८१
सूचना नं. ३८

मितिः- २०८०/०८/२१

# नयाँ सामाजिक सुरक्षा भत्ता दर्ता सम्बन्धी अत्यन्त जरुरी सूचना !

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं. २४३, मिति २०८०/०७/१९ र च.नं. २५९, मिति २०८०/०८/१८ को पत्रानुसार सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक भत्ता वितरण प्रक्रियालाई सरल, सहज, वैज्ञानिक, पारदर्शी, जवाफदेही र त्रुटिरहित बनाउनका लागि तपशिल बमोजिम लाभग्राहीको विवरण उपलब्ध गर्न गराउनुहुन सम्बन्धित सबैमा यसै सूचना मार्फत जानकारी गराइन्छ ।

तपशिल

(१) १६ बर्ष भन्दामाथिका व्यक्तिलाई नयाँ लाभग्राहीको रुपमा प्रणालीमा विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचय पत्र नम्बर अनिवार्य गरिएकोले राष्ट्रिय परिचय पत्र नम्बर उपलब्ध नगरेका लाभग्राहीले बुढानीलकण्ठ नगरपालिकाको कार्यालयमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गरिसकेपछि मात्र वडा कार्यालयमार्फत सामाजिक सुरक्षा भत्ताको निवेदन दिनुहुन अनुरोध छ ।

(२) सामाजिक सुरक्षा भत्ता आ.व. २०८०/८१ को दोश्रो त्रैमासिक देखि EFT मार्फत सम्बन्धित लाभग्राहीको बैक खातामा जम्मा हुने भएकोले वडा कार्यालयमार्फत सामाजिक सुरक्षाको लाभग्राही परिचयपत्र लिई सम्बन्धित वडा कार्यालयको भत्ता वितरणको लागि सम्झौता भएको बैकमा खाता खोली वडा कार्यालय वा नगरपालिकाको सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखामा बैक चेकको फोटोकपी उपलब्ध गर्न गराउनुहुन अनुरोध छ ।

२०८०/८/२१

तुलसीराम अर्याल
प्रमुख प्रशासकीय अधिकृत